| | |
|---|---|
| | सरावल गाउंपालिका |
| | गाउँ कार्यपालिकाको कार्यालय |
| | पशु सेवा साखा, मनरी । |

## व्यवसायिक गाईभैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि शिलबन्दी प्रस्ताव आव्हान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४/१२/२६)

यस सरावल गाउंपालिका, गाउंकार्यपालिकाको कार्यालय, पशु सेवा साखा, मनरीको आ.व. २०७४/०७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार व्यवसायिकरुपमा गाईभैंसी पालन गरिरहनुभएका इच्छुक व्यवसायी/कृषकहरुबाट शिलबन्दी प्रस्ताव आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र तोकिएको ढांचा अनुसारको आवेदन फाराममा सरावल गाउंपालिका, गाउं कार्यपालिकाको कार्यालय पशु सेवा साखा मनरी मा राजश्व वापत रु ३०० (रु तीन सय) बुझाई दरखास्त दिनुपर्नेछ । म्याद नाघि परेका वा रित पूर्वक दर्ता नगरिएका प्रस्तावहरु माथि कुनै कारवाही गरिने छैन । प्रस्तावहरुलाई मूल्यांकन गरि छनौटमा परेका फार्महरुलाई सरावल गाउंपालिका गाउं कार्यपालिकाको कार्यालय, पशु सेवा साखा मनरीको स्वीकृत बजेट परिधिभित्र रहि कर कट्टी समेत गरि अनुदान रकम उपलब्ध गराइने व्यहोरा जानकारी गराइन्छ ।

| युवालक्षित पशु विशेष उत्पादन | | संख्या | प्रति कार्यक्रम बजेट |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | | |
| १ | सहकार्यमा साना व्यवसायिक फार्म सुधार कार्यक्रम (गाई) | ४ | रु ५०,००० |
| २ | सहकार्यमा साना व्यवसायिक फार्म सुधार कार्यक्रम (भैंसी) | ४ | रु ५०,००० |
| ३ | व्यवसायिक बाखा फार्म सुधार | ४ | रु २५,००० |

**संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु :**

१ तोकिएको फर्मेट अनुसारको संक्षिप्त कार्ययोजना ।

२ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

३ फार्म/समूह/समिति/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी ।

४ अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) आदिका प्रतिलिपीहरु ।

५. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण ।

६. समूह/समिति/सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता ।

७.उपरोक्त कार्यक्रमहरु सहकार्यमा गरिने भएकोले इच्छुक फार्म/कृषकहरुले कम्तीमा उपरोक्त रकम बराबरको लगानी आफ्नो तर्फबाट गर्नु पर्नेछ ।

८.अनुदान कार्यक्रममा सहभागी हुनका लागि अनिवार्यरुपमा पशु विमा गरिएको हुनुपर्नेछ ।

९.एक पटक अनुदान पाइसकेका फार्म/समूह/समिति/सहकारीले लगातार दुई वर्षसम्म यस कार्यक्रमबाट अनुदान पाउने छैन ।

कार्यक्रम सम्बन्धि विस्तृत जानकारीका लागि सरावल गाउंपालिका, गाउंकार्यपालिकाको कार्यालय, पशु सेवा साखा, मनरी (मोबाइल नं. : ९८४०२३६३४२) मा सम्पर्क राख्नुहुन अनुरोध छ ।